# जिल्ला समन्वय समितिको कार्यालय सुनसरी

## कोशी प्रदेश, नेपाल

## इनरूवा, सुनसरी

प.सं. : ०७९।८०
च.नं. ६४९

२०८०।०१।२८

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह सवै (१२ वटै)
सुनसरी ।

प्रस्तुत विषयमा यस जिल्ला समन्वय समितिको मिति २०८०।०१।२८ मा बसेको बैठकले यस जिल्ला भित्रको ढुंगा, गिटी, वालुवा उत्खनन् सम्बन्धमा तपशिल बमोजिमको निर्णय भएको हुँदा ब्यहोरा सोही निर्णयबाट अवगत गरी निर्णय कार्यान्वय गर्नु/गराउनु हुन अनुरोध छ ।

निर्णय :

**"ढुंगा, गिटी, बालुवा उत्खनन् सम्बन्धमा छलफल हुँदा हरेक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका खोला, खोल्सा, नदिनालाबाट ढुंगा, गिटी, बालुवा उत्खनन् गर्दा सो को IEE रिपोर्ट तयार गरी स्थानीय तहको विपद ब्यवस्थापन समितिबाट ढुंगा, गिटी, बालुवा उत्खनन् गर्ने निर्णय गराई सो को आधारमा जिल्ला विपद् ब्यवस्थापन समितिमा सिफारिस गरी, पारित गराई पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा यस कार्यालयबाट पुर्व स्वीकृति लिई नियमानुसार ठेक्का विधिबाट उत्खनन् गर्नु पर्ने प्रावधान रहेको छ । हाल सुनसरी जिल्ला स्थित केही स्थानीयहरूले सो प्रकृया नपुऱ्याई आफु खुसी ढुंगा, गिटी, बालुवा उत्खनन् गरेको जनगुनासो आएको हुँदा सो कार्य तत्काल रोकी नियामानुसार गर्न तथा अन्य स्थानीय तहहरूलाई समेत विधी प्रकृया पुऱ्याइ उत्खनन् कार्य गर्न निर्देशन दिने भनि सर्व सम्मत निर्णय पारित गरियो ।"**

२०८०।०१।२८
भुपध्वज थापा
जिल्ला समन्वय अधिकारी
**जिल्ला समन्वय अधिकारी**

बोधार्थ :
१. श्री जिल्ला प्रशासन कार्यालय सुनसरी ।
२. श्री जिल्ला प्रहरी कार्यालय सुनसरी ।
३. श्री डिभिजन वन कार्यालय सुनसरी ।